सुचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५ (३) बमोजिम २०८३ साउन देखि २०८३ असोज मसान्तसम्म सम्पादित मूख्य मूख्य कार्यहरूसँग सम्बन्धित

स्वत: प्रकाशन

(Proactive Disclosure)



नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

जिल्ला समन्वय समितिको कार्यालय

कालीकोट

२०८३ असोज

स्वतः प्रकाशन जिल्ला समन्वय समितिको कार्यालय, कालीकोट

कार्यालय प्रमुखको भनाई

नेपालको संविधानको धारा २७ मा प्रत्येक नागरिकलाई आफ्नो वा सार्वजानिक सरोकारको विषयमा सूचना माग्ने र पाउने हकलाई मौलिक हकको रूपमा व्यवस्था गरिएको छ। राज्यका काम कारबाही लोकतान्त्रिक पद्धति अनुरुप खुला र पारदर्शी बनाई नागरिकप्रति जवाफदेही र जिम्मेवार बनाउन, सार्वजनिक निकायमा रहेको सार्वजनिक महत्वको सूचनामा आम नागरिकको पहुँचलाई सरल र सहज बनाउन सूचनाको हक सम्बन्धी ऐन, २०६४ अनुसार सबै सार्वजानिक निकायले आफ्नो निकायसंग सम्वन्धित सूचनाहरु अद्यावधिक गरी राख्नुपर्ने र प्रत्येक ३/३ महिनामा सार्वजानिक गर्नुपर्ने कानूनी व्यवस्था गरेको छ। सोही अनुसार जिल्ला समन्वय समितिको कार्यालय कालीकोटबाट मिति २०८३ साउन देखि २०८३ असोज मसान्तसम्म सम्पादन भएका कार्यहरुलाई अद्यावधिक गरी यो स्वत:प्रकाशन (Proactive Disclosure) प्रकाशन गरिएको छ। यस कार्यालयले उक्त अवधिमा सम्पादन गरेका क्रियाकलापहरूको सूचनाका बारेमा आम नागरिक तथा सरोकारवालाहरुको सहज पहुँच अभिवृद्धि हुनेछ।

राज्यबाट प्राप्त हुने सेवा सुविधाहरु सबै जनतालाई सरल र सहज रुपमा पारदर्शी ढंगवाट उपलब्ध गराउने तथा उपलब्ध सेवाहरुका वारेमा आम सरोकारवाला व्यक्ति तथा निकायलाई सु-सूचित गर्न यस जिल्ला समन्वय समितिको कार्यालय कालीकोटको सूचनाको हक सम्वन्धी ऐन अनुसार **स्वत:प्रकाशन (Proactive Disclosure)** लाई नियमित गर्ने कार्यमा सम्वन्धित निकायहरुसंग समन्वय र सहकार्य गरी नागरिकको सूचनाको हक स्थापित गर्नका लागि जिल्ला समन्वय समितिको कार्यालय कालीकोटको अग्रसरता र प्रतिवद्धता रहेको छ।

अन्त्यमा, आगामी दिनमा यस कार्यालयबाट हुने सेवाप्रवाहलाई अझ सहज, सरल र पहुँचयोग्य बनाई गुणस्तरीय सेवा प्रवाह गर्ने सम्वन्धमा पृष्ठपोषण प्राप्त गर्ने अपेक्षा सहित यस जिल्ला समन्वय समितिको कार्यालय कालीकोट, कार्यरत सम्पूर्ण कर्मचारीहरू एवं प्रतिवेदन तयारी कार्यमा प्रत्यक्ष/अप्रत्यक्ष रूपमा संलग्न कर्मचारीलाई धन्यवाद दिन चाहन्छु।

आसोज २०८३

स्वतः प्रकाशन जिल्ला समन्वय समितिको कार्यालय कालीकोट

विषय सूची

सि.न.	शीर्षक
१.	जिल्ला समन्वय समितिको कार्यालय कालीकोटको स्वरुप र प्रकृति
२.	जिल्ला समन्वय समितिको कार्यालयको काम, कर्तव्य र अधिकार
३.	जिल्ला समन्वय समितिको कार्यालय कालीकोटको स्वीकृत दरवन्दी, पदाधिकारी तथा कर्मचारीको विवरण
४.	जिल्ला समन्वय समितिको कार्यालय कालीकोटबाट प्रदान गरिने सेवा
५.	सम्पादित मूख्य मूख्य कार्यहरु
६.	जिल्ला समन्वय समितिको कार्यालय कालीकोटका फाँट तथा जिम्मेवार अधिकारी
७.	निर्णय गर्ने प्रक्रिया र अधिकारी
८.	जिल्ला समन्वय समितिको कार्यालय कालीकोटको आर्थिक विवरण
९.	कार्यालय प्रमुख र सूचना अधिकारीको नाम र पद
१०.	जिल्ला समन्वय समितिको कार्यालय कालीकोटसंग सम्वन्धित ऐन कानुन

स्वतः प्रकाशन जिल्ला समन्वय समितिको कार्यालय कालीकोट

जिल्ला समन्वय समितिको कार्यालय
कालीकोट
कर्णाली प्रदेश, नेपाल

१. जिल्ला समन्वय समितिको कार्यालय कालीकोटको स्वरूप र प्रकृति:

नेपालको संविधान, २०७२ को भाग १७ को धारा २२० मा जिल्ला सभा र जिल्ला समन्वय समिति सम्बन्धि व्यवस्था रहेको छ। जसअनुसार जिल्ला सभाले एक जना प्रमुख, एक जना उपप्रमुख, कम्तिमा तीन जना महिला र कम्तिमा एक जना दलित वा अल्पसंख्यक सहित बढीमा नौ जना सदस्य रहेको जिल्ला समन्वय समितिको निर्वाचन गर्नेछ। जिल्ला समन्वय समितिले जिल्ला सभाको तर्फबाट गर्नुपर्ने सम्पूर्ण कार्य सम्पादन गर्नेछ। सम्बन्धीत जिल्ला भित्रको गाउँ सभा वा नगरसभाको सदस्य जिल्ला समन्वय समितिको प्रमुख, उपप्रमुख वा सदस्य पदको उम्मेदवार हुन योग्य हुने व्यवस्था रहेको छ।

संघिय सरकारबाट प्राप्त निर्देशन र जिल्ला समन्वय समितिले गर्ने निर्णयहरुको कार्यान्वयन गर्ने तथा दैनिक प्रशासन सञ्चालनको लागी जिल्ला समन्वय अधिकारी(रा.प.द्वितीय)श्रेणीको नेतृत्वमा अन्य कर्मचारीहरु कार्यरत रहेको छन्। नेपालको संविधान,२०७२ र स्थानिय सरकार सञ्चालन ऐन, २०७४ ले जिल्ला समन्वय समितिले गर्ने कार्य निर्दिष्ट गरेको छ

२. जिल्ला समन्वय समितिको कार्यालय कालीकोट, काम कर्तव्य, अधिकार :

नेपालको संविधान २०७२ को धारा २२० र स्थानिय सरकार सञ्चालन ऐन २०७४ को ९२ बमोजिम जिल्ला समन्वय समितिका काम कर्तव्य र अधिकारको व्यवस्था गरेको छ जसअन्तर्गत देहाय बमोजिमको कार्यहरु रहेका छन्।

- जिल्ला भित्रका गाउँपालिका र नगरपालिका बीच समन्वय गर्ने
- विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न र सोको अनुगमन गर्ने
- जिल्लामा रहने संघीय र प्रदेश सरकारी कार्यालय र गाउँपालिका र नगरपालिकाबीच समन्वय गर्ने
- प्रदेश कानून बमोजिम अन्य कार्यहरु गर्ने
- जिल्ला भित्रका गाउँपालिका वा नगरपालिका बीचको विकास निर्माणका विषय पहिचान गर्न तथा व्यवस्थापन गर्न आवश्यक समन्वय गर्ने,
- जिल्ला भित्र सरकारी तथा गैरसरकारी क्षेत्रबाट सञ्चालित विकास निर्माण सम्बन्धी कार्यक्रमहरुको विवरण तयार गरी त्यस्ता कार्यक्रमको प्रभावकारीता तथा व्यवस्थापनका विभिन्न चरणमा अनुगमन गर्ने, त्यस्ता कार्यक्रमको प्रतिफलका सम्बन्धमा क्षेत्र वा समुदायगत विषय क्षेत्रगत र पर्यावरणिय सन्तुलन कायम गर्न आवश्यक सुझाव वा मार्गदर्शन दिने र त्यसरी दिएका सुझाव वा मार्गदर्शनलाई सार्वजनिक गर्ने,
- जिल्लाभित्रका गाउँपालिका तथा नगरपालिकाको क्षमता विकासको लागि प्रदेश तथा संघसँग समन्वय गर्ने,
- जिल्लामा रहने संघीय वा प्रदेश सरकारी कार्यालय र गाउँपालिका तथा नगरपालिकाबीच समन्वय गर्ने,
- जिल्लाभित्रका गाउँपालिका र नगरपालिकाबीच कुनै विवाद उत्पन्न भएमा सोको समाधानका लागि समन्वय तथा सहजीकरण गर्ने,
- जिल्लाभित्रको प्राकृतिक प्रकोप तथा विपद व्यवस्थापन सम्बन्धी योजन र कार्यको समन्वय गर्ने,
- जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्न गैरसरकारी संघ संस्था तथा निजी क्षेत्रसँग समन्वय गर्ने,
- जिल्लाभित्रको विकास तथा निर्माण सम्बन्धी कार्यमा सन्तुलन भए नभएको सम्बन्धमा अध्ययन, अनुसन्धान तथा अनुगमन गरी विकास निर्माण सम्बन्धी कार्यमा सन्तुलन कायम गर्नको लागी मन्त्रालय, स्थानिय तह सम्बन्धी विषय

जिल्ला समन्वय समितिको कार्यालय कालीकोट कर्णाली प्रदेश, नेपाल

हेर्ने प्रदेश सरकारले मन्त्रालय तथा आवश्यक्ता अनुसार सम्बन्धीत गाउँपालिका तथा नगरपालिकालाई समेत सुझाव दिने,

- आफ्नो काम कारबाहीको सम्बन्धमा मन्त्रालय र स्थानिय तह सम्बन्धी विषय हेर्ने प्रदेश सरकारको मन्त्रालयलाई प्रत्येक आर्थिक वर्ष समाप्त भएको दुई महिनाभित्र प्रतिवेदन दिने,
- जिल्लाभित्रको विकास तथा निर्माणलाई प्रभावकारी बनाउनको लागि वर्षको कम्तिमा एक पटक वार्षिक समीक्षाका कार्यक्रम आयोजना गरी सो जिल्लाबाट संघीय संसद र प्रदेश सभामा प्रतिनिधित्व गर्ने संसद सदस्यलाई आमन्त्रण गरी सुझाव लिने,
- नेपाल सरकार वा प्रदेश सरकारले तोकेको अन्य काम गर्ने

३. जिल्ला समन्वय समितिको कार्यालय कालीकोटको स्वीकृत कर्मचारी दरवन्दी :

क्र.सं.	पद	दरबन्दी संख्या	पदपूर्ति	कैफियत
१	उपसचिव(रा.प.द्वितीय)	१	०	स्थायी
२	शाखा अधिकृत (रा.प.तृतीय)	१	०	रिक्त
३	इन्जिनियर	१	०	स्थायी
४	नायब सुब्बा(प्रशासन)	१	१	स्थायी
५	लेखापाल	१	१	स्थायी
६	सब-इन्जिनियर	१	१	स्थायी
७	खरिदार(प्रशासन)	१	१	स्थायी
८	कार्यालय सहयोगी	३	३	करार
९	ह.स.चा.	२	२	करार
	जम्मा	१२	९	

३.१ जिल्ला समन्वय समिति कालीकोटका पदाधिकारीहरुको विवरण

सि.नं.	पदाधिकारीको नाम	पद	ठेगाना	सम्पर्क नं	कैफियत
१	धनजित बहादुर शाही	प्रमुख	खाँडाचक्र न.पा. १	९८४८३०१२०५	
२	मिना रावत विश्वकर्मा	उप प्रमुख	पचालझरना गा.पा. ३	९८६५५७६१५१	
३	अजय बहादुर बम	सदस्य	सान्नित्रिवेणी गा.पा. ५	९८४८३५८६३६	
४	धन बहादुर शाही	सदस्य	खाँडाचक्र न.पा. ५	९८४९८२६९७३	
५	विर बहादुर रावत	सदस्य	तिलागुफा न.पा. ७	९८६८३७६८४३	
६	सुर्जा कुमारी रोकाया फडेरा	सदस्य	रास्कोट न.पा. ३	९८६८३१८०२७	
७	धनसरा विष्ट	सदस्य	नरहरीनाथ गा.पा.८	९८४८३२१४९८	
८	अप्सरा कुमाल	सदस्य	शुभकालिका गा.पा.७	९८४८३६१५७६	
९	काली बहादुर नेपाली	सदस्य	तिलागुफा न.पा. १	९७४९९७३८१३	मृत्यु भएको

स्वतः प्रकाशन जिल्ला समन्वय समितिको कार्यालय कालीकोट

जिल्ला समन्वय समितिको कार्यालय कालीकोट कर्णाली प्रदेश, नेपाल

जिल्ला समन्वय समिति, प्रमुखको सचिवालय

निजि स्वकिय सचिव : यज्ञराज शाही– ९८६९४४६३७३ (२०८१/०४/०१ देखी)

३.२ जिल्ला समन्वय समितिको कार्यालय अन्तर्गत कार्यरत कर्मचारीहरुको विवरण

सि.नं.	कर्मचारीको नाम थर	पद	सम्पर्क नं.	कैफियत
१	सुमन धिताल	जिल्ला समन्वय अधिकारी	९८५१०९९११०	स्थायी
२	रामकृष्ण साह	ईञ्जिनियर	९७४२८८७३८५	स्थायी
३	भिम बहादुर शाही	ना.सु	९८६१६६७८१२	स्थायी
२	शेर बहादुर बोहोरा	सहलेखापाल	९८५८३९११११७	स्थायी
३	शान्त कुमार साउँद	सव-ईन्जिनियर	९८६८५०४६७१	स्थायी
४	धन बहादुर महतारा	खरिदार	९८६८९६३८९२	स्थायी
५	शान्ता चौलागाई	का.स.	९८४८३११६८५	करार
६	जसी दमाई	का.स.	९८४८३०६०२६	करार
७	रमेश शाही	का.स.	९८६८२३७३१०	करार
८	अम्मर बहादुर शाही	ह.स.चा.	९८४८३४६१११	करार
९	नविन शाही	ह.स.चा.	९८६७९५२८७६	करार
शाखा अधिकृत-१, रिक्त				

४.जिल्ला समन्वय समितिको कार्यालय कालीकोटबाट, प्रदान गरिने सेवा /कार्यहरू:

४.१. नेपालको संविधान, २०७२ ले व्यवस्था गरेका सम्पूर्ण कामकाजहरु

४.२. स्थानिय सरकार सञ्चालन ऐन, २०७४ को ९२ ले गरेका व्यवस्था बमोजिमका कामकाज गरिने तथा नेपाल सरकार तथा प्रदेश सरकारले तोकेका अन्य कार्यहरु गर्ने

५.जिल्ला समन्वय समितिको कार्यालय कालीकोट बाट सम्पादित मूख्य कार्यहरू :

बैठक : जिल्ला समन्वय समितिको नियमित मासिक बैठक सञ्चालन,

प्रशासनिक कार्यहरु : कार्यालयमा हुने दैनिक प्रशासन सम्बन्धी कामकाजहरु, मन्त्रालयले निर्देशित गरेका अन्य कामकाजहरु

अनुगमन तथा मूल्याकंन : जिल्ला समन्वय समितिका प्रमुख एवम् उपप्रमुखको नेतृत्वमा सदस्यहरु सहित कर्मचारीहरुको उपस्थितिमा संघ, प्रदेश र स्थानीय तहहरुमा सञ्चालित योजना तथा कार्यक्रमहरुको अनुगमन,

दिवस : जिल्ला समन्वय समिति कालीकोटका प्रमुख धनजित बहादुर शाहीको अध्यक्षतामा संविधान दिवस सम्पन्न,

जिल्ला समन्वय समितिको कार्यालय

समिक्षा कार्यक्रमः- आ.व २०८२/८३ को बार्षिक समिक्षा कार्यक्रम मिति २०८३ साल असोज महिनामा सम्पन्न भएको,

जिल्ला सभाः स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९६ मा जिल्ला सभाको आयोजना गर्नुपर्ने व्यवस्था अनुसार असोज महिनामा जिल्ला सभा सम्पन्न

६.जिल्ला समन्वय समितिको कार्यालय, कालीकोटमा रहेका फाँट र जिम्मेवार अधिकारी :

सि.नं.	शाखाको नाम	जिम्मेवार अधिकारी	पद	सम्पर्क न.	कै.
१.	कार्यालय प्रमुख	सुमन धिताल	जि.स.अ.	९८५१०९९११०	
२.	आर्थिक प्रशासन	शेर बहादुर बोहोरा	लेखापाल	९८५८३९१११७	
३.	अनुगमन तथा व्यवस्थापन शाखा	रामकृष्ण साह	ईन्जिनियर	९७४२८८७३८५	
४.	प्रशासन शाखा	भिम बहादुर शाही	ना.सु	९८६१६६७८१२	
५.	व्यवस्थापन तथा जिन्सी शाखा	धन बहादुर महतारा	खरिदार	९८६८९६३८९२	

७. निर्णय गर्ने प्रक्रिया र अधिकारी :

क) **निर्णय गर्ने प्रक्रिया** : सरकारी निर्णय प्रक्रिया सरलीकरण निर्देशिका, २०६५ एवं सूचनाको हक सम्वन्धी ऐन, २०६४ लगाएत प्रचलित कानून बमोजिम।

ख) **निर्णय गर्ने अधिकारी :**

- जिल्ला समन्वय प्रमुख तथा बोर्ड समिति
- जिल्ला समन्वय अधिकारी

७.१ सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधि :

जिल्ला समन्वय समितिबाट प्रदान गरिने सेवाहरु निशुल्क रुपमा प्रदान हुने गरेको।

८. जिल्ला समन्वय समितिको कार्यालय कालीकोटको आर्थिक विवरण :

सि.नं.	खर्च विवरण	कुल बजेट	२०८३ असोज सम्मको खर्च	कैफियत
१	संघ अन्तर्गतको बजेट	१६७४५०००।-	४५०९४२२.६२।-	
२	प्रदेश अन्तर्गतको बजेट	0	0	
३	बहुक्षेत्रिय पोषण कार्यक्रम	३५००००।-	0	
४	सामाजिक विकास कार्यक्रम	८५०००।-	0	
	जम्मा			

स्वतः प्रकाशन जिल्ला समन्वय समितिको कार्यालय कालीकोट

जिल्ला समन्वय समितिको कार्यालय कालीकोट कर्णाली प्रदेश, नेपाल

९. सूचना अधिकारी र कार्यालय प्रमुखको नाम र पद

कार्यालय प्रमुख :

- सुमन धिताल
- पद: जिल्ला समन्वय अधिकारी
- सम्पर्क न. ९८५१०९९११०
- ईमेल : info@dcckalikot.gov.np

सूचना अधिकारी :

- नाम: धन बहादुर महतारा
- पद: खरिदार
- सम्पर्क न : ९८६८९६३८९२,९८५८०६३८९२

१०.जिल्ला समन्वय समितिको कार्यालय कालीकोटसंग सम्वन्धित ऐन,कानून:

- नेपालको संविधान, २०७२
- स्थानिय सरकार सञ्चालन ऐन,२०७४
- आर्थिक कार्यविधि तथा वित्तिय उत्तरदायित्व ऐन,२०७६ तथा नियमावली २०७७
- सुशासन(व्यवस्थापन तथा सञचालन ऐन), २०६४ तथा नियमावली २०६५
- सूचनाको हक सम्बन्धी ऐन, २०६४ तथा नियमावली २०६५
- जिल्ला समन्वय समितिको मौज्दात कोष सञ्चालन निर्देशिका, २०७५
- संघिय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले जारी गरेका विभिन्न कार्यविधि तथा मार्गदर्शन

स्वतः प्रकाशन जिल्ला समन्वय समितिको कार्यालय कालीकोट

जिल्ला समन्वय समितिको कार्यालय कालीकोट कर्णाली प्रदेश,नेपाल

स्वतः प्रकाशन जिल्ला समन्वय समितिको कार्यालय कालीकोट

नेपाल सरकार

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

जिल्ला समन्वय समितिको कार्यालय

कालीकोट

वेभसाईट : www.dcckalikot.gov.np

इमेल: info@dcckalikot.gov.np

सम्पर्क नं : ०८७-४४०१२०

स्वतः प्रकाशन जिल्ला समन्वय समितिको कार्यालय कालीकोट